# पञ्चपुरी नगपालिकाको आवधिक योजना

## तार्किक ढाँचा (Logical Framework)

| विवरणात्मक संक्षेप | कार्यसम्पादन सूचकहरु | पुष्ट्याईका आधारहरु | पूर्वानुमान तथा जोखिम |
|---|---|---|---|
| **लक्ष्य:**<br>▪ पूर्वाधार सहितको कृषि, पर्यटन र उद्योग व्यापार प्रवर्धन गरी स्थानीयस्तरमै रोजगारी सिर्जना मार्फत समृद्ध पञ्चपुरीनगर निर्माण हुने । | ▪ सडक, सिंचाई, विद्युत (उर्जा आपुर्ति) दक्ष जनशक्ति लगायतका पुर्वाधारहरुको विस्तार गरि कृषि आधुनिकीकरण तथा व्यवसाय विविधकरण भएको ।<br>▪ सिंचाई सुविधमा वृद्धि गरि कृषिमा आधुनिक प्रविधि मार्फत यन्त्रीकरण गर्दै समग्र कृषि उत्पादनमा वृद्धि भएको।<br>▪ धार्मिक, ऐतिहासिक पर्यटकिय स्थलहरुको संरक्षण र सम्बर्द्धन गरि आन्तरिक तथा बाह्य पर्यटकहरुको | ▪ नगर सभाले पारित गरेको वार्षिक नीति तथा कार्यक्रमको तस्तावेजहरु ।<br>▪ नगरपालिकाले पारित गरेको वार्षिको आय व्ययको प्रक्षेपण तथा बजेट व्यक्तव्य ।<br>▪ योजना तथा कार्यक्रमको मध्यावधि मुल्याङ्कनको प्रतिवेदन ।<br>▪ योजना कार्यान्वयन प्रगति समिक्षाको प्रतिवेदनहरु । | ▪ देशको संघिय संरचनाका सबै तहका सरकारहरुमा राजनैतीक स्थिरता कायम ।<br>▪ संघिय सरकारबाट पीलकाहरुलाई प्राप्त हुने अनुदानमा क्रमिक वृद्धि भएको ।<br>▪ स्थानिय स्तरमा राजनीतिक दलहरुका विच समझदारी, सहमति र सहकार्य कायम भएको ।<br>▪ कुनै पनि आकस्मिक प्राकृतिक,मानविय तथा प्रविधिजन्य विपत्तीको अवस्था नरहने । |

| | | | |
|---|---|---|---|
| | आगमनमा उल्लेखिय वृद्धि भएको।<br><br>▪ कृषि तथा बनजन्य उद्योगहरुलाई प्राथमिकता दिदै व्यवसाय विविधिकरण साथै निर्यात मुखि उत्पादन मार्फत रोजगारीका अवसरहरुमा वृद्धि भएको। | | ▪ स्थानिय स्तरमा विकास निमार्णका गतिविधिहरुमा अपेक्षेति जनसहभागिता प्राप्त हुनेछ ।<br><br>▪ सम्बनिधत निकायबाट नगरपालिकामा दरबन्दि बमोजिमको कर्मचारीहरु व्यवस्थापन भएको हुनेछ । |
| **उद्देश्यहरु:**<br><br>१.प्राकृतिक सम्पदा तथा पर्यटकीय स्थलको पहिचान, संरक्षण र प्रवर्धनका साथै स्थानिय रोजगारी सिर्जना सहितको पर्यटन विकास भएको हुनेछ । | १.१ नगर क्षेत्र भित्र अवस्थित प्राकृतिक, धार्मिक, ऐतिहासिक पर्यटकिय स्थलहरुको अध्ययन अनुसन्धान भई भ्रमण योग्य पर्यटकिय स्थलको रुपमा सुचीकृत भएको् ।<br><br>१.२ पहिचान भएका पर्यटकिय स्थलहरुको संरक्षण, संम्बर्द्धन सहित स्तोन्नती गरि आन्तरिक तथा बाह्य पर्यटककालागि भ्रमण योग्य स्थलका रुपमा परिचित भएका । | ▪ विषयगत शाखाहरुले कार्यान्वयन गरेका कार्यक्रमहरुको सुची तथा प्रगति प्रतिवेदन ।<br><br>▪ नगर कार्यपालिकाले अनुमोदन गरेको बिनियोजन बजेटको दस्तावेज ।<br><br>▪ नगर कार्यपालिकाले योजना सम्पन्न तथा भुक्तानी सम्बन्धमा गरेका निर्णयहरु । | ▪ देशको संघिय संरचनाका सबै तहका सरकारहरुमा राजनैतीक स्थिरता कायम ।<br><br>▪ संघिय सरकारबाट पीलिकाहरुलाई प्राप्त हुने अनुदानमा क्रमिक वृद्धि भएको ।<br><br>▪ स्थानिय स्तरमा राजनीतिक दलहरुका विच समझदारी, |

| | | | |
|---|---|---|---|
| | १.३ पर्यटन प्रवर्द्धन कार्यक्रम मार्फत आन्तरिक तथा बाह्य पर्यटकहरुका संख्यामा उल्लेखनिय वृद्धि भएको । | | सहमति र सहकार्य कायम भएको । |
| २. कृषि उत्पादन, पर्यटन विकास, स्थानीय उत्पादनको बजारीकरण मार्फत रोजगारी र आयमा दिगो वृद्धि भएको हुनेछ । | २.१ कृषि आधुनिकिकरण मार्फत अन्न बाली तथा नगदेवाली उत्पादनमा उल्लेखिय वृद्धि भएको ।<br><br>२.२ समयानुकुल पर्यटन उद्योगको विकास गरि पर्यटन क्षेत्रमा रोजगारीमा वृद्धि भएको ।<br><br>२.३ स्थानिय कच्चा पदार्थमा आधारित निर्यातमुखि साना तथा घरेलु उद्योगहरु मार्फत रोजगारीका अवसरहरुमा वृद्धि भएको । | ▪ नगर कार्यपालिकाले गरेका आवधिक समिक्षा, सार्वजनिक सुनुवाई तथा सामाजिक लेखा परिक्षणका प्रतिवेदनहरु ।<br><br>▪ योजना अनुगमन समितिले तयार पारेका अनुगमन मुल्याङ्कन प्रतिवेदनहरु ।<br><br>▪ विषयगत क्षेत्रहरुसंग सम्बन्धित, जाचँबुझ,अध्ययन तथा अनुसन्धानका प्रतिवेदनहरु ।<br><br>▪ जिल्लाा समन्वय समिति प्रदेश, संघ सरकारबाट प्राप्त योजना र बजेटको सुची ।<br><br>▪ माथिल्ला निकायहरुबाट विकास निमार्ण योजना सम्बन्धि भए गरेका मुल्याङ्कन,अनुगमनको प्रतिवेदनहरु । | ▪ कुनै पनि आकस्मिक प्राकृतिक,मानविय तथा प्रविधिजन्य विपत्तीको अवस्था नरहने ।<br><br>▪ स्थानिय स्तरमा विकास निमार्णका गतिविधिहरुमा अपेक्षेति जनसहभागिता प्राप्त हुनेछ ।<br><br>▪ सम्बनिधत निकायबाट नगरपालिकामा दरबन्दि बमोजिमको कर्मचारीहरु व्यवस्थापन भएको हुनेछ। |

| | | | |
|---|---|---|---|
| ३.भौतिक पूर्वाधार निर्माणका आधारभूत संरचनाहरु व्यवस्थित, सुरक्षित, गुणस्तरीय र दिगो हुनेछ । | ३.१ मापदण्ड अनुकुलका गुणस्तिरिय सडक संजालमा विस्तार भएको ।<br><br>३.२ व्यवस्थित योजनावद्ध र पुर्वाधारयुक्त शहरी विकासको योजना कार्यान्वयन भएको हुनेछ ।<br><br>३.३ भवन निमार्ण आचार संहिता निमार्ण गरि कार्यान्वयन भएको । | ▪ आ.ले.प र मा.ले.प. का प्रतिवेदनहरु । | |
| ४.सुशासन, स्थानीय सेवा प्रवाह, कार्य सम्पादन र जवाफदेहिता कायम हुनेछ | ४.१ जनप्रतिनिधि तथा कर्मचारीहरुको आचार संहिता निमार्ण गरि कार्यान्वयन भएको हुनेछ ।<br><br>४.२ नगरकार्यपालिका अर्न्तगतका विषयगत समितिहरु मार्फत नियमित अनुगमन, मुल्याङ्कन भएको ।<br><br>४.३ आवधिक रुपमा सार्वजनिक सुनुवाई तथा सामाजिक लेखा परिक्षण भएको । | | |

| | | | |
|---|---|---|---|
| ५.समग्र पञ्चपुरी नगरपालिकाको गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा तथा रोजगारीका अवसरहरूको वृद्धि भई सम्वृद्ध नगरविकासको आधारशीला निर्माण हुने | ५.१ विद्यालय शिक्षा तथा उच्च शिक्षाको क्षेत्रमा प्रविधि मैत्री, रोजगारमुलक प्राविधिक शिक्षाको पहुँचमा वृद्धि भएको ।<br><br>५.२ आवश्यक पुर्वाधार सहित गुणस्तिरिय स्वास्थ्य सेवाको पहुँचमा वृद्धि भएको ।<br><br>५.३ स्थानिय सीप र दक्षतामा अभिवृद्धि भई स्थानिय स्तरमा रोजगारीका अवसरहरुमा वृद्धि भएको । | | |

| क्रियाकलापहरु | | |
|---|---|---|
| विषयगत क्षेत्रहरु | लागत जम्मा | प्रतिशत |
| आर्थिक विकास | रू. १,११,२८,७८,८५७.८४ | २४ प्रतिशत |

## पर्यटन

- शिवधाम, दहताल, चेमेरे गुफा, पञ्चपुरी माई मन्दिर, भेरी-कर्णाली दोभान तथा अन्य पर्यटकीय स्थलहरूमा पर्यटन पुर्वाधार निर्माण गरी सहज पहुँच हुने गरी पुर्वाधार निर्माण गर्ने ।
- प्राकृतिक सौन्दर्य स्थलहरूको संरक्षण गरी पर्यटकीय स्थलको रुपमा विकास गर्ने ।
- पर्यटकीय स्थलहरूको प्रचार-प्रसार गरी आन्तरिक तथा बाह्य पर्यटकहरूलाई आकर्षण गर्ने ।
- भेरी तथा कर्णाली नदीमा जलयात्रा मनोरञ्जन, बोटिँग, र्‍याफ्टिङ् आदिको विकास गर्न संघीय सरकार तथा प्रदेश सरकार एवं निजी स्तरमा सञ्चालित संस्था तथा कम्पनीहरूसँग सहकार्य र सहजीकरण गर्ने ।
- पर्यटकीय क्रियाकलाप र उद्यम सम्बन्धी तालिम सञ्चालन गरी दक्ष र अर्धदक्ष जनशक्ति निर्माण गर्ने ।
- होटल व्यवसाय तथा होमस्टे सञ्चालन गर्न प्रोत्साहन गर्ने ।
- पर्यटन विकासका लागि हरेक वर्ष भेरी-कर्णाली जलयात्रा महोत्सव सञ्चालन गर्ने
- ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पादाहरूको संरक्षण, पार्कहरू निर्माण तथा प्राकृतिक सौन्दर्यका स्थलहरूको प्रचार-प्रसार गर्न वृत्त चित्र निर्माण गरी राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा प्रचार प्रसार गर्न पर्यटन बोर्ड नेपालसँग सहकार्य गर्ने ।
- स्थानीय कला संस्कृतिको संरक्षण, प्रवर्धन, स्थानिय खाद्य तथा सामग्रीहरूको निर्माण गरी पर्यटकीय वस्तुका रुपमा विकास गर्ने ।

## उद्योग तथा व्यापार

- नयाँ उद्योग व्यवसाय सञ्चालनको सम्भाव्यता हेरी नयाँ उद्योग सञ्चालनका लागि प्रोत्साहन गर्ने । यसका लागि उद्योग शुरूवातीका पहिलो ३ वर्षका लागि कर छुट दिने जस्ता प्रवर्धनात्मक नीति अनुसार कार्यक्रम सञ्चालन गर्ने
- नयाँ उद्योग सञ्चालनका लागि आवश्यक सीपमूलक तालिमहरू सञ्चालन गर्ने

- वातावरण प्रभाव मुल्याङ्कन गरी क्रसर उद्योग तथा काष्ठ उद्योगहरू सञ्चालनका लागि सहजिकरण गर्ने
- स्टार्ट अप कार्यक्रम लागु गर्न नगरपालिका र नगरपालिका उद्योग वाणिज्य संघ तथा जिल्ला उद्योग वाणिज्यसँग समन्वय गरी कार्यक्रम तय गर्ने ।

- स्थानीय उत्पादनको भ्यालु चेन वृद्धि गरी बजारीकरण गर्नका लागि आवश्यक प्रशोधन उद्योगहरू सञ्चालनमा कर छुट लगायतका कार्यहरु सञ्चालन गर्ने
- नयाँ प्रविधि तथा उद्योग स्थापनामा सहजिकरण गर्न नगर तथा जिल्लका उद्योग वाणिज्य संघ संस्थासँग सहकार्य र समन्वय गर्ने
- युवालाई लक्षित गरी सीप र उद्यमशिलता विकास सम्बन्धी तालिम कार्यक्रम संचालन गरिनेछ ।
- युवालाई रोजगारको अवसर जुटाउनका लागि वृति विकास तथा रोजगार मेला आयोजना गरिनेछ ।
- स्थानीय समुदायलाई उद्योगको लागि आवश्यक कच्चा पदार्थको उत्पादनमा आधारित सचेतना, सीप र प्रविधि हस्तान्तरण गरिनेछ
- स्थानीय उत्पादनको संकलन र प्रसोधनमा आधारित साना उद्योगको स्थापनामा जोड दिइनेछ ।

## कृषि तथा पशुपालन

- नगरको माथिल्लो पहाडी क्षेत्र (वडा नं. १, ७, ८, ९, १० र ११ का केहि निश्चित स्थान) व्यावसायिक पशुपालन, तरकारी खेती, तथा फलफुल खेतीमा प्रोत्साहन गर्न लगानीका अवसरहरू सिर्जना गर्ने र त्यसका लागि नीतिगत व्यवस्था, अनुदान तथा सीप विकास कार्यक्रमहरू सञ्चालन गर्ने ।
- पशुपालन कृषकका लागि पशु स्वास्थ्य उपचारका लागि घुम्ती सेवा सञ्चालन, औषधि वितरण, पशुपंछी उपचार र नश्ल सुधार जस्ता कार्यक्रम सञ्चालन गर्ने
- सीप विकास तालिमहरू प्रदान गरी व्यबसायिक योजनाको आधारमा ऋृण तथा अनुदान दिने व्यवस्था गर्ने । त्यसका लागि संघीय तथा प्रादेशिक सरकार, नीजि क्षेत्र एवं वित्तीय संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने
- किसानहरूलाई समयमा मल बीउ उपलब्ध गराउन  आवश्यक कार्यहरू गर्ने ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई स्थानीय स्तरमा आवश्यकताका आधारमा स्थानीय जनसहभागितामा आधारित भएर विकास कार्यक्रम र व्यवसायिक सीप विकास मार्फत रोजगारी सृजना र आय आर्जनका कार्यक्रमहरूसँग सँगसँगै सञ्चालन गर्ने ।
- उन्नत मल, बीउबीजन, साना सिंचाई र माटो परिक्षण गरी उपयुक्त स्थानको पहिचान गरी कृषि कार्यक्रम सञ्चालन गर्न सहजिकर0ा गर्ने र कृषि उत्पादन वृद्धि गर्न सहयोग गर्ने ।
- पशु बजारका लागि बाबियाचौरमा जस्तै उपयुक्त हाटबजार स्थापना र सञ्चालन गर्न नीजि क्षेत्रसँग समन्वय र सहकार्य गर्ने ।

- सामाजिक तथा आर्थिक रुपले पछाडि परेका विपन्न समुदायलाई पशुपन्छीपालन सम्बन्धी आधारभूत तालिम र शुरुवाती कामका लागि बिउ पुँजीको व्यवस्था गर्ने ।
- सिंचाई सुविधा नभएका कृषि योग्य जमिनमा सिंचाई सुविधा पुर्याउने
- सिंचाईका लागि पानी उपलब्ध हुन कठिन स्थानहरूमा लिफ्टिङ् प्रविधिको प्रयोग र थोपा सिंचाई कार्यहरू सञ्चालन गर्ने
- साना सिंचाई कार्यक्रम सञ्चालनमा अनुदान सहयोग उपलब्ध गराउने
- पोखरी, कुलोहरू निर्माण तथा निरन्तर मर्मत संभार गर्ने र निरन्तर मर्मत तथा संभार कार्यका लागि सिंचाई मर्मत कोष स्थापना गर्ने

## श्रम र रोजगारी

- युवा तथा बेरोजगार रहेका जनतालाई लक्षित गरी कृषि, पशुपालन, साना तथा घरेलु उद्योग, पर्यटन तथा निर्माण व्यवसाय सञ्चालन गर्न आधारभूत सीप तथा तालिम सञ्चालन गर्ने
- साना तथा घरेलु उद्योग सञ्चालन गर्न व्यावसाय शुरूवाती पुँजी र कर छुट लगायत सहुलियतपूर्ण कार्यहरू सञ्चालन गर्ने
- वैदेशिक रोजगारीमा जान चाहने युवालाई आवश्यक सीप विकासका तालिम सञ्चालन गर्ने । उदाहरणका लागि निर्माण व्यवसाय, होटेल वेटर, कुक, सवारी चालक तथा सुरक्षा गार्ड जस्ता क्षेत्रमा तालिम सञ्चालन गरी अर्धदक्ष जनशक्ति निर्माणमा विशेष कार्यक्रम सञ्चालन गर्ने । यसका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम र अन्य निजी संस्थासँग पनि सहकार्य र समन्वय गर्ने ।
- वैदेशिक रोजगारीबाट फर्केका युवालाई कृषि, पशुपालन, वन, माछा र पर्यटनमा आधारित उत्पादन क्षेत्रमा लगानी गरी स्थानीय तहमा नै रोजगारी सिर्जना गर्ने कार्यमा आकर्षित गर्ने
- साना उद्योग व्यवसाय संचालनको लागि उद्यमशिलता, सीप विकास तालिम, परामर्श सेवा र सहयोगको एकीकृत प्याकेज लागु गर्ने
- सहकारी तथा वित्तीय संस्थाहरूको पहँचमा वृद्धि हुने गरी सचेतना कार्यक्रम पनि सञ्चालन गर्ने
- उद्यमशीलता विकास गर्न चाहने युवाहरूलाई साना बचत तथा ऋण परिचालन, उद्यमशिलताको विकास, तथा वित्तीय पहुँच स्थापना गर्न सहजिकरण गर्ने
- बित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्ने र वित्तीय साक्षरता अभिवृद्धि गर्ने
- सरकारी सेवामा प्रवेश गर्न चाहने युवा तथा विद्यार्थीहरूलाई लक्षित गरी विभिन्न संस्थाहरूसँग समन्वय गरी लोक सेवा तयारी कक्षा सञ्चालन गर्ने

| सामाजिक विकास : | रु. १,८५४,७९८,०९६.४० | ४० प्रतिशत |
|---|---|---|
| शिक्षा तथा सीप विकास | | |

- विद्यालय भर्ना अभियानलाई प्रभावकारी बनाई विद्यालय जाने उमेरका सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गर्ने
- विद्यालयमा शिक्षक विद्यार्थी अनुपातका आधारमा विद्यालय शिक्षा बिस्तार र मर्जरको कार्यक्रम सञ्चालन गर्ने
- विद्यालय मर्ज गर्दा देखा पर्न सक्ने कठिनाईलाई सम्बोधन गर्न आवश्यकता अनुसार विद्यालय आवास तथा स्कुल बस सेवा सञ्चालन गर्नेगरी कार्यक्रम तय गर्ने
- कृषि तथा पशुपालनसम्बन्धी प्राविधिक शिक्षालयको स्थापना गरी प्राविधिक जनशक्ति उत्पादनका लागि प्रदेश सरकार तथा मध्यपश्चिम विश्वविद्यालयसँग समन्वय र सहकार्य गर्ने
- शिक्षक तथा कर्मचारीहरूलाई प्रविधिमैत्री बनाउन प्रविधि पुर्वाधार निर्माण र प्रविधि सम्बन्धी तालिम सञ्चालन गने
- शिक्षण पद्दतिलाई प्रविधिमैत्री बनाउन विद्यालय शिक्षामा प्रविधि प्रयोगमा जोड दिने
- शैक्षिक गुणस्तर अभिवृद्धिका लागि नियमित अनुगमन
- बालविकास केन्द्र तथा विद्यालय शिक्षामा विशेष जोड दिने
- नतिजामा आधारित विद्यालय सुधार कार्ययोजना निर्माण र कार्यान्वयन गर्ने
- शिक्षण सिकाइमा सहयोग गर्न सुचना प्रविधिको प्रयोगमा जोड दिने
- प्रारम्भिक बाल विकास शिक्षा कार्यक्रमलाई विद्यालय प्रभावकारी बनाउने । यसका लागि मोन्टेश्वरी तालिम सञ्चालन गर्ने
- विद्यालयहरूको भौतिक संरचनालाई प्रविधि मैत्री, समावेशी बनाउँदै जाने
- विद्यालयमा छात्र-छात्राका लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था गर्ने
- प्राविधिक शिक्षा सञ्चालन गर्ने संघ संस्थासँग सन्वय गरी प्राविधिक जनशक्ति विकासमा विशेष तालिम सञ्चालन गर्ने

## आधारभूत स्वास्थ्य

- आधारभुत स्वास्थ्य सेवाको गुणस्तरीय मापदण्ड अनुसार स्वास्थ्य सेवा प्रभावकारी रुपमा उपलब्ध गराउने
- स्वास्थ्य संस्था र घुम्ती स्वास्थ्य सेवा मार्फत समुदायस्तरमा स्वास्थ्य सेवा उपलब्ध गराउने
- बालबालिका सुरक्षा तथा आमा सुरक्षा कार्यक्रमलाई प्रभावकारी बनाउने
- स्वास्थ्य बीमा कार्यक्रममा सबै नागरिकको पहुँचमा पुर्याउने र सबै नागरिकलाई स्वास्थ्य बीमा सेवामा आबद्ध गर्ने
- नगरपालिकामा निर्माणाधीन अस्पतालमा बल्ड बैंक सहितको सेवा उपलब्ध गराउने
- स्वास्थ्य संस्थाबाट टाढा रहेका बस्तीमा हरेक महिना घुम्ती स्वास्थ्य सेवा मार्फत स्वास्थ्य परीक्षण गर्ने कार्य सञ्चालन गर्ने
- सुर्खेत प्रादेशिक अस्पतालसँग समन्वय गरी नगरपालिकामा महिनाको एक पटक स्वास्थ्य शिविर सञ्चालन गर्ने
- स्वास्थ्य बिमा समेत गर्न नसक्ने गरीब तथा पछाडि परेका समुदायका नागरिकको स्वास्थ्य बिमा गर्ने कार्यक्रम सञ्चालन गर्ने
- स्वास्थ्य कार्यालयहरूमा दरबन्दी अनुसार स्वास्थ्यकर्मीहरूको पदपुर्ति गर्ने र सरकारले निशुल्क उपलब्ध गराउने औषधी नियमित रूपमा उपलब्ध भएको सुनिश्चित गर्ने
- स्वास्थ्य क्षेत्रको व्यवस्थित तथा गुणस्तरीय विकासका लागि सार्वजानिक तथा निजी क्षेत्रको सहकार्यमा सञ्चालन गर्ने
- गुणस्तरीय स्वास्थ्य सेवाका लागि आवश्यक जनशक्ति व्यवस्थापन गर्ने
- आयुर्वेद स्वास्थ्य सेवा पद्दतिको विकासका लागि आयुर्वेद स्वास्थ्य संस्थासँग समन्वय गरी नगर क्षेत्रभित्र स्वास्थ्य शिविरहरू सञ्चालन गर्ने
- आयुर्वेद स्वास्थ्य सेवा कार्यक्रमलाई बिस्तार गर्दै सबै जनसमुदायमा पुर्याउने गरी स्वास्थ्य सेवा सुधारका योजना तयार गर्ने

## लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणाका बारेमा जनचेतनामूलक कार्यक्रमहरू विद्यालय स्तरदेखि नै सञ्चालन गर्ने
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणा अनुसार विकास योजना निर्माणका हरेक चरणमा नै समावेश गर्ने
- महिला हिंसा तथा सामाजिक भेदभावका घटना न्युनिकरण गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने

- विद्यालय, घरपरिवार तथा समुदायमा तहमै हुने बालबालिका र किशोर किशोरी माथि हुने सबै प्रकारका भेदभाव, शोषण, दुव्यवहार र हिंसा अन्त्यका लागि विशेष कार्यक्रम विद्यालय स्तरीय र वडा स्तरीय कार्यक्रम सञ्चालन गर्ने
- फरक क्षमता भएका बालबालिका तथा व्यक्तिहरूका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने
- नगर क्षेत्रमा सामाजिक सुरक्षा भत्ता कार्यक्रमलाई थप सहज र सरल बनाउने । बैंकहरू सँग नै समन्वय र सहकार्य गरी दुर्गम स्थानमा रहेका सामाजिक सुरक्षा प्राप्त गर्ने व्यक्तिहरूलाई सहज तरिकाले सामाजिक सुरक्षा भत्ता वितरण गर्ने परिपाटी मिलाउने

## युवा तथा खेलकुद

- विद्यालय स्तरदेखि नै खेल भावना विकास गर्ने विद्यालय स्तरीय खेलकुद कार्यकर्महरू सञ्चालन गर्ने
- प्रत्येक वडामा युवा क्लब गठन गरी खेलकुद पूर्वाधार निर्माण गर्न सहयोग गर्ने
- नगर क्षेत्रभित्र विद्यालय स्तरीय र वडा स्तरिय खेलकुद प्रतियोगिता वार्षिक रूपमा सञ्चालन गर्ने
- खेलकुदका माध्यमबाट युवा शक्तिलाई लागु औषध तथा दुर्व्यसनबाट जोगाउने कार्यक्रमलाई प्रथामिकताका साथ लागु गर्ने
- खेल विकास र खेलकुद उद्यमशिलता विकासका लागि सजहिकरण गर्ने
- युवा लक्षित स्वरोजगार कार्यक्रमहरू सञ्चालन गरी युवा पुस्तालाई उत्पादनमुलक क्षेत्रमा आकर्षित गर्ने

| | | |
|---|---|---|
| **संस्थागत विकास र सुशासन** | **रु. १३९,१०९,८५७.२३** | **०३ प्रतिशत** |

- नगरपालिकाले प्रदान गर्ने सेवा प्रवाहलाई पारदर्शी, प्रविधिमैत्री बनाउँदै बनाउन सुचना प्रविधिको उच्च प्रयोग गर्ने
- विकास योजनाहरूलाई दीर्घकालीन प्रभाव पार्ने गरी प्रतिफल दिने क्षेत्रमा केन्द्रित गर्दै जाने
- दीगो विकास लक्ष्यलाई नगर योजनामा आन्तरिकिकरण गर्ने
- भू-उपयोग नक्सा अनुसार विकासका कार्यक्रम र परियोजना लागु गर्ने
- सामाजिक सुरक्षा भत्तालाई  वडाको पायक पर्ने बैंक मार्फत उपलब्ध गराउने, सकेसम्म बैंक मार्फत नै घरसम्मै पुर्याउने व्यवस्था गर्ने
- सबै कर्मचारी तथा जनप्रतिनिधिहरूको विषय क्षेत्र अनुसारको प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने

- विकास योजना र योजना निर्माणका विविध पक्षहरूका बारेमा अन्तरक्रिया गर्ने
- कर्मचारीहरूको क्षमता विकास र सेवा प्रवाहलाई ध्यानमा राखी तालिम कार्यक्रम सञ्चालन गर्ने
- न्यायिक समितिको क्षमता अभिवृद्धि गर्न आवश्यक तालिम सञ्चालन गर्ने
- योजना कार्यान्वयन तथा सेवा प्रवाहका विषयमा मासिक, अर्धवार्षिक र वार्षिक समीक्षा गर्ने र सुधारका पहलहरू लिने
- स्थानीय तहबाट सञ्चालित योजना तथा सेवा प्रवाहको नियमित रुपमा अनुगमन तथा मुल्यांकन गर्ने

| पूर्वाधार विकास | रु. १,२०,५६,१८,७६२.६६ | २६ प्रतिशत |
| --- | --- | --- |

### सडक तथा यातायात

- हरेक वडा कार्यालय जोड्ने सडक कालोपत्रे गर्ने र मुख्य बस्ती तथा आर्थिक केन्द्र जोड्ने सडक सञ्जाल बिस्तार गर्ने ।
- ग्रामीण क्षेत्रका बस्तीहरूलाई सडक सञ्जाल मार्फत शहरी क्षेत्रको सडकसंग जोड्ने
- बाबियाचौर क्षेत्रमा व्यवस्थित बसपार्क निर्माण गर्ने । हाल भएको अस्थायी बसपार्कलाई स्तरोन्नति गर्ने । यसका लागि निजी क्षेत्रसंगको साझेदारीमा कार्य अघि बढाउने ।
- ट्रयाक खोलेका स्थानमा ग्राभेल गर्ने र ट्रयाक खोल्न बाँकी स्थानमा ट्रयाक खोल्ने कार्य गर्ने
- सबै सडकहरूमा नियमित रुपमा मर्मत संभारको व्यवस्था गर्ने
- सबै सडकहरूमा अनिवार्य रुपमा नाली सहितको बनाउने
- नगर यातायात गुरुयोजना निर्माण गर्ने र तत्अनुसार नै सडक निर्माण गर्ने
- सडक निर्माण गर्दा सडकको प्रकृति अनुसार मापदण्ड निर्धारण, वर्गीकरण तथा प्राथमिकता निर्धारण गर्ने
- स्वास्थ्य संस्था,स्कुल, पर्यटकीय स्थल तथा उत्पादन स्थलहरू जोड्ने सडकलाई प्राथमिकताका आधारमा निर्माण गर्दै जाने ।
- ग्रामिण क्षेत्रका वडाहरूमा रहेका सडकहरूको स्तर तथा मापदण्ड अनुसार सडकहरूको लगत निर्धारण गर्ने
- जीर्ण अवस्थामा रहेका झोलुङ्गे पुलहरू, कल्भर्टको नियमित मर्मत तथा संभार गर्ने

## विद्युत तथा उर्जा

- भर्खर मात्र राष्ट्रिय विद्युत प्रसारण लाईन पुगेकाले आगामी पाँच वर्षभित्र नगरका सबै वडाहरूमा विद्युत पुर्याउने
- राष्ट्रिय प्रसारण लाईन नपुगेका स्थानमा स्थानीय माइक्रो हाइड्रो, सोलार वत्ती जस्ता वैकल्पिक माध्यमबाट विद्युत सुविधा पुर्याउने
- नगरपालिकाका मुख्य सहरी स8कमा सडक बत्तीहरूको व्यवस्था गर्ने
- दाउराको खपत घटाउँदै सुधारिएको चुलो, गोबर ग्याँस जस्ता वैकल्पिक उर्जाको प्रयोगमा जोड दिने
- नगरक्षेत्रभित्र सुविधासम्पन्न र आधुनिक पेट्रोल पम्प स्थापना र सञ्चालनलाई सहजिकरण गर्ने

## आवास, भवन तथा शहरी विकास

- शहरी विकास योजना निर्माण गरी व्यवस्थित आवास तथा शहरी विकासमा जोड दिने
- नगरपालिकामा एउटा नगरहल (झण्डै ५०० देखि ८०० जनासम्म अट्ने) निर्माण गर्ने
- नगरभित्र रहेका प्राकृतिक वन तथा स्थलहरूलाई व्यवस्थित गरी प्राकृतिक पार्कका रूपमा विकास गर्ने
- अतिविपन्न गरीब र दलित समुदायको लागि आवास निर्माणका प्रदेश र संघीय सरकारसँग पहल गरि आवास निर्माण गर्ने
- सार्वजानिक तथा ऐलानी जग्गाको संरक्षण तथा व्यवस्थापन गरी सार्वजानिक कामको लागि उपयोग गर्ने
- भवन आचार संहिता निर्माण गरी कडाईका साथ लागु गर्ने
- सहरी क्षेत्रमा हुनसक्ने अपराधका घटनाहरूलाई न्युनिकरण गर्न सुरक्षा निकाय, स्थानीय उद्योग वाणिज्य संघ आदिसँग समन्वय गरी सहरका मुख्या स्थानमा सी.सी. क्यामेरा जडान गर्ने
- स्मार्ट सिटीको अवधारणालाई कार्यान्वयन गर्ने
- भुउपयोग नीति तर्जुमा गरी भु-वर्गीकरण गर्ने र कडाइका साथ लागू गर्ने
- बजार व्यवस्थापनका लागि आवश्यक पूर्वाधारहरूको निर्माण गर्ने
- सडक तथा फुटपाथमा माछा, मासु, फलफूल तथा तरकारी बेचबिखन गर्ने कार्यलाई आजैदेखि व्यवस्थित गर्ने

## खानेपानी तथा सरसफाई

- खानेपानीका मुहानको संरक्षण र व्यवस्थापन गर्ने
- खानेपानी उपलब्ध हुन नसकेका स्थानमा लिफ्टिङ् प्रविधि मार्फत खानेपानी उपलब्ध गराउने
- खानेपानी उपभोक्ता समितिहरूको प्राविधिक तथा व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्ने
- खानेपानी तथा सरसफाई सम्बन्धी स्थानीय नीति, कानून तथा मापदण्डको निर्माण, कार्यान्वयन तथा नियमन गर्ने
- नगरक्षेत्र तथा आसपासका अन्य क्षेत्रमा उपलव्ध खानेपानी तथा जलाधार क्षेहरूको संरक्षण गर्ने
- नगरपालिका क्षेत्रबाट फोहोरमैलाको पानीका श्रोतलाई असर नगर्ने गरी उचित व्यवस्थापन गर्ने
- नगरमा सरसफाई कार्यक्रम सञ्चालन गर्दा प्रदेश र संघीय सरकारका सम्बन्धित निकायसँग समन्वय र सहकार्य गर्ने
- नगरलाई सफा सहरको रूपमा विकास गर्ने र वातावरण मैत्री बनाउने
- कुहिने र नकुहिने फोहोरलाई श्रोतमा वर्गिकरण सहित संकलन र ढुवानीको व्यवस्थापन गर्ने
- पुनः प्रयोगमा आउन सक्ने र प्राङ्गारिक मल निर्माण हुन सक्ने फोहोरको छुट्टाछुट्टै संकलन र व्यवस्थापन गर्ने
- फोहोर व्यवस्थापन गर्दा नदी खोला तथा पानीका मुहानहरूमा कुनै असर नपर्ने गरी उचित व्वस्थापन गर्ने
- नेपाल खानेपानी संस्थान, रेडक्रस, तथा अन्य विकास संस्थाहरूसँग समन्वय गरी खानेपानी परियोजनाहरू सञ्चालन गर्ने
- खानेपानीका श्रोत तथा धाराहरू नियमित सरसफाई र मर्मत संभार गर्ने
- घरबाट निस्कने फोहोरलाई सकेसम्म घरमै व्यस्थापन गर्ने सकिने गरी कार्य गर्ने
- सार्वजनिक स्थान, पाटी पौवा, सडक, बाटो पार्क जस्ता सार्वजनिक स्थलहरूमा फोहर फाल्ने डस्टबिनहरूको व्यवस्था गर्ने
- सार्वजनिक स्थलमा फोहोर गर्ने कार्यलाई कडाइकासाथ नियन्त्रण गर्न कानूनी व्यवस्था गर्ने अनुसार दण्डित गरिने छ
- घरबाट निस्कने फोहोरलाई सकेसम्म कम्पोष्ट मल बनाउने गरी व्यवस्थापन गर्ने

| राजश्व संकलन, श्रोत परिचालन तथा व्यवस्थापन | रु. ९२,७३९,९०४.८४ | ०२ प्रतिशत |
|---|---|---|

- नगरबासी तथा उद्योगी व्यवसायीहरूलाई स्थानिय कर प्रणालीका बारेमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने
- कर प्रणालीमा प्रविधिमैत्री बनाउने र वैज्ञानिक कर प्रणाली लागू गर्ने
- श्रोत परिचालन र राजस्व व्यवस्थापन सम्बन्धी एकीकृत ऐन, नियम र कार्यविधि तयार गरी प्रभावकारीरूपमा कार्यान्वयन गर्ने
- राजष्व सम्भाव्यताको अध्ययन गर्ने
- आन्तरिक आयको संकलन, दाखिला तथा अभिलेखनलाई प्रभावकारी बनाउने
- करको दायरा बढाई आन्तरिक राजस्व वृद्धि गर्ने
- राजस्व परामर्श समितिको क्रियाशिल बनाउने
- आन्तरिक आय राजस्व संकलनमा वडा कार्यालयलाई परिचालन गर्ने

| वन, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | रु. २३,१८,४९,७६२.०५ | ०५ प्रतिशत |
|---|---|---|

- नगरक्षेत्र भित्रका वनको संरक्षण र व्यवस्थापनसँगै वनपैदावारलाई आय आर्जनका रुपमा समेत विकास गर्ने
- वन पैदावारको दीगो उपयोग र संरक्षणलाई सन्तुलन कायम गर्दै नगरको आय श्रोतको रूपमा विकास गर्ने
- प्राकृतिक वन तथा पार्क स्थलहरूलाई पर्यटन व्यवसायसँग जोड्ने
- सामुदायिक वन उपभोक्ता समितिलाई नै वन व्यवस्थापन सम्बन्धमा जिम्मेवार बनाउने र आवश्यक तालिम कार्यक्रम सञ्चालन गर्ने
- वन संरक्षण मार्फत नै बाढी पहिरो नियन्त्रण परियोजना सञ्चालन गर्ने

- सुकेका र ढलेका काष्ठजन्य उत्पादनको उचित व्यवस्थापन र उपयोग गर्न वन विभागसँग समन्वय गर्ने
- जडीबुटी तथा वन्य उत्पादनको क्षमता, जडिबुटी खेतीको लागि क्षेत्र पहिचान, क्षमता अभिवृद्धि तालिम, संकलन केन्द्र, बजार पहुँच तथा व्यवस्थापन गरी जडीबुटी उत्पादन पकेट क्षेत्रहरू निर्धारण गर्ने
- आयुर्वेद स्वास्थ्य कार्यालयसँग समन्वय गरी जडीबुटी खेतीका योजना तर्जुमा गर्ने
- वन वातावरण संरक्षण तथा जलवायु परिवर्तन अनुकुलन सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने
- नगरक्षेत्रभित्र वडास्तरीय विपद् व्यवस्थापन समितिहरू गठन गर्नुका साथै वन उपभोक्ता समुहबीच सहकार्य गरी विपद् व्यवस्थापन, वन संरक्षण र सरसफाइका कार्यहरू सञ्चालन गर्ने प्रदुशण नियन्त्रणका लागि अहिलेदेखि नै नगरको मापदण्ड निर्माण गरी कार्यक्रम सञ्चालन गर्ने
- बस्ति बढ्दै जाँदा फहोर व्यवस्थापन चुनौतिपूर्ण हुने हुनाले तत्काल कुहिने र नकुहिने फोहरको स्रोतमै वर्गीकरण गर्ने
- नगरका वडा नं.१, ७, ८, ९, १०, ११ का बस्तीहरू बाढी पहिरो र भूक्षयबाट बढी जोखिमयुक्त रहेकाले स्थानीय विपद् व्यवस्थापन संयन्त्र निर्माण गरी विपद् व्यवस्थापन क्षमता विकास तालिम सञ्चालन गर्ने
- नगरपालिकामा दमकल सेवाको व्यवस्था गर्ने
- विपद् व्यवस्थापनका लागि आपतकीन कोष सञ्चालन गर्ने
- आवश्यक पूर्वाधारसहितका प्रत्येक वडामा सामुदायिक आश्रय स्थलहरू निर्माण गरी प्राकृतिक विपद्को बेलामा राहत तथा उद्धारका सामग्रीको व्यवस्था गर्ने
- स्थानीय स्तरमा नै युवाहरूलाई विपद् जोखिम न्युनिकरणमा परिचालित गर्ने
- नदी कटान, भुक्षय हुने स्थलहरूमा बाँस, निगालो खेती तथा बायोइञ्जिनियरिङ विधि अबलम्बन गरी नदी कटान, बाढी पहिरो न्यूनीकरण गर्ने

समाप्त।